# सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी

## हाते पुस्तिका

**तयार पार्ने**
विश्वरत्न पुन
ज्ञानेन्द्र कुमार श्रेष्ठ

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
SOCIAL PROTECTION CIVIL SOCIETY NETWORK

Social Protection Civil Society Network

**Supported by:**
Official Development Aid From the
Ministry for Foreign Affairs of Finland

Save the Children

CamScanner

# सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी

# हाते पुस्तिका

पौष २०७६

CamScanner

# विषय सूची


**भूमिका** ........ १

**सामाजिक सुरक्षा कार्यक्रम** ........ ३

१. परिभाषा तथा अवधारणा ........ ३
२. सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि ........ ४
३. नेपालमा सामाजिक सुरक्षा कार्यक्रम ........ ५
क. पृष्ठभूमि ........ ५
ख. सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य ........ ६
ग. सामाजिक सुरक्षासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था ........ ७
संवैधानिक व्यवस्था ........ ७
कानुनी व्यवस्था ........ ८
नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको विकास ........ ९
घ. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र भत्ताको व्यवस्था ........ १०
ङ. सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अन्य व्यवस्था ........ १२
सामाजिक भत्ता पाउनको लागि निवेदन दिनुपर्ने ........ १२
परिचयपत्र ........ १४
सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था ........ १५
दोहोरा सामाजिक सुरक्षा भत्ता नपाउने ........ १५
सामाजिक सुरक्षा भत्ता नपाउने ........ १६
कसूर र सजाय ........ १६
उजुर गर्न सक्ने ........ १७
मुद्दा हेर्ने र पुनरावेदन गर्ने ........ १७

अनुसूची – १
**नेपाल सरकारले सञ्चालन गर्दै आएका सामाजिक संरक्षण कार्यक्रमअन्तर्गतका केही प्रमुख सेवा सुविधाहरू** ........ १८
छात्रवृत्ति तथा नगद सुविधा ........ १८
जिन्सी हस्तान्तरण र जीवनयापन कार्यक्रम ........ १९
सेवा सुविधामा पहुँच ........ २०
सामाजिक बीमा ........ २०
अन्य ........ २०


CamScanner

# भूमिका

विशेष संरक्षणको आवश्यकता भएका नागरिकहरूलाई सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरू विकसितदेखि गरिब अर्थतन्त्रसम्म कार्यान्वयनमा रहेका छन् । सामाजिक सुरक्षा कार्यक्रमहरूमध्ये नगद हस्तान्तरण कार्यक्रमहरू विकासशील मुलुकहरूमा लोकप्रिय भइरहेका छन् । हालको समयमा यस विषयमा दातृ निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू, पत्रकारहरू, नागरिक समाजहरू लगायत सबै जागरूक नागरिकहरूको चासो उल्लेख्य रूपमा बढ्न थालेको छ ।

नेपालमा करिब ८५ वर्ष अघिदेखि सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी गरेको जानकारी रहेको छ । सरकारले विगत केही दशकदेखि सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । नेपाल सरकारबाट बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जनजातिलगायतका व्यक्ति र समूहलाई नगद हस्तान्तरण वा भत्ता प्रदान गर्ने कार्यहरूलाई प्राथमिकताका साथ लागू गर्दागर्दैको समयमा पनि प्रदान गरिने सेवासुविधाहरूलाई अझ व्यवस्थित, समन्वित, न्यायपूर्ण, पारदर्शी र जवाफदेही बनाउन जरूरी देखिएको छ । यसका लागि सम्बद्ध सबैले नेपाल सरकारलाई सहयोग गर्न आवश्यक छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले लक्षित व्यक्ति, समूह एवम् सरोकारवाला सबैलाई सरकारको तर्फबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरू वा सेवासुविधाहरू मध्ये नगद हस्तान्तरण कार्यहरूबारे आम जानकारी पुगोस् भन्ने हेतुले यो हाते पुस्तिका प्रकाशित गरेको छ ।

**सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, नेपाल**

# सामाजिक सुरक्षा कार्यक्रम

## १. परिभाषा तथा अवधारणा

अति गरिबी अवस्थामा गुज्रिरहेका, असहाय अवस्था रहेका, जोखिममा परेका वा उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई अति गरिबी तथा जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरूलाई सामान्यत सामाजिक सुरक्षा भनिन्छ ।

संयुक्त राष्ट्र सङ्घको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरूको क्षमता अभिबृद्धि गर्न, व्यक्तिहरूको उक्त जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरू समावेश गर्दछ । सामाजिक संरक्षण पद्धति तथा कार्यक्रम राज्य र नागरिकबीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो । राष्ट्रिय निर्देशक समितिले बनाउँदै गरेको मस्यौदा सामाजिक संरक्षण खाकासम्बन्धी दस्तावेजअनुसार सामाजिक सुरक्षा जालो

(Social Safety Net) सामाजिक सुरक्षा र सामाजिक संरक्षण तीनैवटा शब्दहरू कहिलेकाहिँ उस्तै काम कुराका लागि प्रयोग गरिन्छन् र यी सबै गरिब र जोखिममा रहेका र रहन सक्ने व्यक्ति वा समूहको सेवासुविधामा केन्द्रित रहन्छन् ।

## २. सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि

सामाजिक सुरक्षाको विषय सताब्दियौंदेखि सरकारी, गैरसरकारी, निजी र धार्मिक संस्थाहरूले आत्मसात् गरी एकीकृत रूपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रूपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बीमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यसुवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बीमा, बेरोजगारी भत्ता र जेष्ठ नागरिकको बीमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत सङ्घले सन् १९२२ देखि बृहत् सामाजिक सुरक्षाको व्यवस्था शुरू गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, बृद्धबृद्धा र सेवा निवृत्त कर्मचारीका लागि भत्ता वा बीमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा पनि करिब यसैबेलातिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते सैनिकको सहयोगको लागि बार्षिक एकमुष्ठ रकमको सहयोग गर्ने गरेको पाइन्छ । त्यस बेलादेखि देशको क्षमताअनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, बालबालिका, गर्भवती, निबृत्त कर्मचारी, सीमान्तकृत व्यक्ति तथा समुदायका लागि विविध सेवासुविधा प्रदान गर्ने जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सुधार गर्दै ल्याइएको छ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र सङ्घ तथा अन्य अन्तर्राष्ट्रियस्तरका विभिन्न घोषणाहरूले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र सङ्घको सन् १९४८ को मानवअधिकारसम्बन्धी

विश्वव्यापी घोषणा, सन् १९६५ को जातजातिविरूद्धका सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी घोषणा, सन् १९७९ को महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव निर्मूलनसम्बन्धी घोषणा, सन् १९८९ को बालअधिकारसम्बन्धी घोषणा, सन् २००० को सहस्राब्दी घोषणा, सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी घोषणालगायतका घोषणाहरू छन् । अचेल विश्वका प्रायः सबै देशहरूमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा रहको पाइन्छ ।

## ३. नेपालमा सामाजिक सुरक्षा कार्यक्रम

### क. पृष्ठभूमि

नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी वि.सं. १९९१ तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरूलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै शुरू भएको देखिएको छ । त्यसपछि वि.सं. १९९८ तिर सेवा निवृत्त सैनिक र त्यसको एक बर्षपछि सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तिभरण प्रदान गर्ने कार्य शुरू भएको बुझिएको छ । योजनागत रूपमा विशेषगरी छैठौं योजनादेखि खासगरी गरिब र सीमान्तकृत समूहको सवालमा ध्यान दिई आधारभूत आवश्यकतालाई केन्द्रित गरी योजना तर्जुमा गरेको देखिन्छ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा गरिबको सवाललाई योजनामा अझ प्राथमिकता दिंदै आठौं योजनामा गैरसरकारी संस्थाहरूलाई समेत विकासको साझेदारको रूपमा स्थापित गरी सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई केही फरक तरिकाबाट अगाडि बढाउने प्रयास गरेको पाइन्छ । हालसम्म आउँदा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल

महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजातिलगायतका नागरिकहरूसामु आर्थिक तथा सामाजिक रूपमा उत्पन्न जोखिम वा कठिनाई व्यवस्थापन गर्न सघाउ पुऱ्याउने हेतुले नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको देखिएको छ । यस कार्यक्रमअन्तर्गत नागरिकका अधिकार र सेवा, सहुलियत वा सुविधा पाउने जस्ता विषयहरू समावेश हुन्छन् ।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूलाई लक्षित व्यक्तिको योगदानमा आधारित हुने र नहुने गरी दुई किसिमको व्यवस्था भएको छ । योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको प्रत्यक्ष योगदान रहेको हुन्छ र सामाजिक बीमाको रूपमा रहन्छ भने गैर योगदानमूलक प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको योगदान नभई पूर्णतः सरकारी योगदानबाट मात्र सहयोगको रूपमा सञ्चालन हुन्छ । यस प्रकृतिको सामाजिक सुरक्षा कार्यक्रम सरकारले आर्थिक वर्ष २०५१/०५२ देखि बृद्ध भत्ताको व्यवस्थाबाट प्रारम्भ गरेको हो । हालसम्म विभिन्न व्यक्ति वा समूहहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

## ख. सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत मूलतः लक्षित लाभकर्तालाई नगद हस्तान्तरण वा भत्ता वितरण गरिने कार्यक्रमको उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

- राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिबमोजिम सामाजिक न्याय प्रदान गर्नु,
- ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख जातजाति एवम् बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी हक, अधिकार संरक्षण गर्नु, र

- कर्णाली क्षेत्र र दलित परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु ।

## ग. सामाजिक सुरक्षासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

नेपालमा बालबालिका, एकल महिला, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख जातजाति, सहिदको परिवार, द्वन्द्व प्रभावित परिवारलगायत गरिब र सीमान्तकृत परिवार तथा समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरूका लागि राज्यबाट नगद हस्तान्तरण लगायत अन्य सेवासुविधा सहितको सामाजिक सुरक्षा पाउने अधिकारको व्यवस्था भएको छ । नेपालमा पनि संविधानले सामाजिक सुरक्षाको विषयलाई मानवअधिकारको रूपमा स्थापित गरेको पाइएको छ ।

## संवैधानिक व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख भएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा सामाजिक सुरक्षा र सामाजिक



CamScanner

न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको नीति रहेको छ । यसबाट संरक्षणको विशेष आवश्यकता भएका नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी सेवासुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ ।

## कानुनी व्यवस्था

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षाअन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्वनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रूपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ ।

यस पुस्तिकामा योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमबाट नागरिकलगायत विभिन्न समूहका बालबालिकालाई प्रदान गरिने नगद हस्तान्तरण तथा भत्ता वितरण कार्यक्रम समावेश गरिएको छ । कुनैपनि सेवा र क्षेत्रमा कार्य गरेका कर्मचारीका लागि प्रदान गरिने सामाजिक सुरक्षाका सेवासुविधालगायतका विषयहरू यस पुस्तिकामा समावेश गरिएका छैनन् । यसैगरी राज्यको तर्फबाट कुनैपनि व्यक्ति, समूह वा व्यवसायीलाई सामाजिक सुरक्षाअन्तर्गतको मासिक वा एकमुष्ठ भत्ताबाहेकका सेवा, सुविधा वा सहयोग समेत यस पुस्तिकामा समावेश गरिएको छैन । सामाजिक संरक्षणलगायत सामाजिक सुरक्षा कार्यहरू मूलतः निम्नानुसारका ऐनहरू तथा नियमावलीहरूमा प्रत्यक्ष तथा परोक्ष रूपमा समावेश गरिएको देखिएको छः

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत सामाजिक सुरक्षा

कार्यक्रम (सञ्चालन कार्यविधि), २०६५

- निजामति सेवा ऐन, २०४९ र यसको नियमावली, २०५०
- समाज कल्याण ऐन, २०४९ र २०६३
- ट्रेड युनियन ऐन, २०४९
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५ः लक्षित व्यक्ति, परिवार तथा समुदायको योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित मुख्य ऐनको रूपमा सामाजिक सुरक्षा ऐन, २०७५ लाई लिन सकिन्छ । यस ऐनमा सामाजिक सुरक्षा भत्ताका विभिन्न प्रावधानहरू रहेका छन् ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

## नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको विकासक्रम

- वि.सं. १९९१ मा सैनिक द्रव्यकोषको स्थापना
- वि.सं. १९९३ मा निवृत्तिभरणको प्रारम्भ
- वि.सं. २००१ मा निजामति प्रोभिडेन्ट फण्डको स्थापना

- वि.सं. २०१९ मा कर्मचारी सञ्चयकोषको स्थापना
- वि.सं. २०४७ मा नागरिक लगानी कोषको स्थापना
- वि.सं. २०४८ मा श्रम ऐन र २०४९ मा श्रम नियमावली लागू
- वि.सं. २०५१ मा जेष्ठ नागरिक भत्ताको प्रारम्भ
- वि.सं. २०६६ मा सामाजिक सुरक्षा करको प्रारम्भ
- वि.सं. २०६७ मा सामाजिक सुरक्षा कोषको स्थापना
- वि.स. २०७४ मा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम
- वि.स. २०७५ मंसिर ११ मा सामाजिक सुरक्षा योजनाको प्रारम्भ तथा २०७६ श्रावण १ गतेदेखि लागू

हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा (Social Protection) सम्बन्धी कार्यक्रमअन्तर्गत नगद हस्तान्तरण, विभिन्न छात्रवृत्ति तथा अन्य सेवासुविधाहरू रहेका छन् (अनुसूची १) ।

## घ. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र भत्ताको व्यवस्था

सामाजिक सुरक्षा ऐन, २०७५ मा उल्लेख भएका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरू र हालको सामाजिक सुरक्षा भत्ताको व्यवस्था निम्नानुसार रहेका छन्ः

(क) **जेष्ठ नागरिक**ः दलित[1], एकल महिला ज्येष्ठ नागरिक र कर्णाली क्षेत्रका ६० वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले ७० वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रूपमा मासिक रू. दुई हजार (रू. २,०००/-)

1 गन्धर्व (गाइने), परियार (दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुड्के), बादी, विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा), सार्की (मिजार, चर्मकार, भूल), कलर, ककैहया, कोटी, खत्वे (मण्डल, खङ्ग), चिडिमार, तत्मा (ताँती, दास), धोवी (रजक) हिन्दु, बाँतर, मेत्तर (हलखोर), खटिक, चमार, मोची, हरिजन, रविदास, डोम (मरिक), दुसाध (पासवान, हजरा), मुसहर, सरभंग (सरवरिया) ।

पाउँछन् । ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकले उपचार खर्च वापत मासिक रू. एक हजार (रू. १,०००/-) पाउँछन् ।

(ख) **आर्थिक रूपले विपन्न**: ऐनमा व्यवस्था भएको यो प्रावधान प्रभावकारी हुन बाँकी छ ।

(ग) **अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति**: ऐनमा व्यवस्था भएको यो प्रावधान प्रभावकारी हुन बाँकी छ ।

(घ) **सहाय एकल महिला वा विधवा**: ६० वर्ष उमेर पुगेका एकल महिला तथा कुनैपनि उमेरका विधवाले सामाजिक सुरक्षा भत्ताको रूपमा मासिक रू. दुई हजार (रू. २,०००/-) पाउँछन् । एकल महिलामा सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, न्यायिक पृथकीकरण गरी बसेका, विवाह नगरेका पर्दछ ।

(ङ) **अपाङ्गता भएका**: पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ताको रूपमा मासिक रू. तीन (रू. ३,०००/-)हजार पाउँछन् र अति अशक्त अपाङ्गता भएका व्यक्तिले मासिक रू. एक हजार छ सय (रू. १,६००/-) पाउँछन् ।

(च) **बालबालिका**: कर्णाली प्रदेशका कालिकोट, मुगु, जुम्ला, हुम्ला, डोल्पा र जाजरकोट गरी ६ जिल्लाहरू, प्रदेश नं २ का सिराहा, सर्लाही, महोत्तरी र रौतहट गरी ४ जिल्लाहरू र सुदूरपश्चिम प्रदेशका डोटी, अछाम, बझाङ र बाजुरा गरी ४ जिल्लाहरूसमेत जम्मा १४ जिल्लाहरूका र दलित समुदायका देशभरका पाँचवर्ष मुनिका बालबालिकालाई (प्रति आमा दुइजना) पोषण भत्ता मासिक रू. चार सय (रू. ४००) प्रदान गर्ने गरिएको छ ।

(छ) **आफ्नो हेरचाह आफैं गर्न नसक्ने**: ऐनको यो प्रावधान प्रभावकारी हुन बाँकी छ ।

(ज) **लोपोन्मुख जातजाति**: कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया (पत्थरकट्टा, सिलकट, कुशबाहा, कुचबधिया) जस्ता लोपोन्मुख जातजातिका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ताको रूपमा मासिक रू. ३ हजार पाउँछन् ।

## ङ. सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अन्य व्यवस्था

### १. सामाजिक सुरक्षा भत्ता पाउनका लागि निवेदन दिनुपर्ने

१.१ सामाजिक सुरक्षा भत्ता पाउने उमेर वा योग्यता पुगेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउनको लागि **सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।** तर आफैंले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

१.२ बालबालिकाले पाउने सामाजिक सुरक्षा भत्ताको लागि निवेदन दिंदा **जन्मदर्ता गरेको अभिलेखको प्रमाण** समेत पेश गर्नु पर्नेछ ।

१.३ सम्बन्धित **वडा कार्यालयले** निवेदन प्राप्त भएको सात दिनभित्र आवश्यक कारवाही गरी निर्णय गर्नु पर्नेछ ।

१.४ सम्बन्धित स्थानीय तहले प्राप्त भएको निवेदन छानविन गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।



CamScanner

१.५ सामाजिक सुरक्षा भत्ता पाउनका लागि दिने निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजातको जानकारी सम्बन्धित **वडा कार्यालय**बाट पाइन्छ ।

१.६ सामाजिक सुरक्षा भत्ता लिन नचाहने व्यक्तिले सम्बन्धित **वडा कार्यालयमा** जानकारी गराउनु पर्नेछ । सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी त्यस्तो व्यक्तिलाई सम्मान गर्नु पर्नेछ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम सुविधा पाउन योग्य नागरिकहरूले अनिवार्य रूपमा सम्बन्धित पालिकाको वडा कार्यालयमा गई देहायको मितिभित्र दर्खास्त दिनुपर्छ ।

क) आगामी आर्थिक बर्षको फाल्गुण मसान्तभित्र उमेर पुग्ने ज्येष्ठ नागरिकले आगामी आर्थिक बर्षमा उमेर पुग्ने मिति उल्लेख गरी श्रावण १ गतेदेखि पौष मसान्तभित्र नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित,

ख) अन्य लाभग्राहीहरूले आफ्नो प्रमाणसहित जहिलेसुकै दर्खास्त दिन पाउछन् । (विधवाले आफ्नो नागरिकताको प्रमाणपत्र र पतिको मृत्यु दर्ताको प्रमाणपत्रको फोटोकपीसहित, एकल महिलाले आफ्नो नागरिकताको प्रमाणपत्र र अविवाहित भएको प्रमाण वा सम्बन्ध विच्छेदको प्रमाणपत्रको फोटोकपीसहित, अपाङ्गता भएका नागरिकले अपाङ्गताको प्रमाणपत्रको फोटोकपीसहित, बालबालिका भए जन्मदर्ता प्रमाणपत्रको फोटोकपी समेत राखी संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्रको फोटोकपीसहित, लोपोन्मुख आदिबासी जनजातिले आफ्नो नागरिकताको प्रमाणपत्रको

फोटोकपीसहित । बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको फोटोकपीसहित सम्बन्धित बालबालिकाको संरक्षक (उपलब्ध भएसम्म आमा) ले आफ्नो नागरिकताको प्रमाणपत्रको फोटोकपीसहित) निवेदन दिनुपर्ने ।

## २. परिचयपत्र

सामाजिक सुरक्षा ऐनबमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले तोकिएको ढाँचामा परिचयपत्र दिन्छ । बालबालिकाको हकमा परिचयपत्रमा संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ । अपाङ्गतासम्बन्धी परिचयपत्र प्रत्येक वर्ष स्थानीय तहले पुनरावलोकन गरी अभिलेख अद्यावधिक गर्छ । तोकिएको सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउँदैन । सामाजिक सुरक्षाको भत्ता पाइरहेका लाभग्राहीले प्रत्येक वर्ष सम्बन्धित पालिकामा आफ्नो नाम नवीकरण गर्नुपर्छ ।

सामाजिक सुरक्षाको भत्ता पाइरहेका लाभग्राहीको नाम सम्बन्धित पालिकाबाट देहायको अवस्थामा कट्टा हुन्छः

- मृत्यु भएमा
- बसाई सरी अन्यत्र गएमा
- बालपोषण भत्ताको हकमा बालबालिकाको उमेर ५ वर्ष पूरा भएमा
- एकल महिला वा विधवाले विवाह गरेमा

- झुठा विवरण पेश गरी भत्ता पाइरहेको पत्ता लागेमा ।

## ३. सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था

सम्बन्धित पालिकाबाट तोकिएको सामाजिक सुरक्षा भत्ता तोकिएका लाभग्राहीलाई वितरण हुन्छ । अन्य व्यक्ति वा झुठो व्यक्तिलाई यस्तो भत्ता प्रदान गरेको पाइएमा भत्ता लिने र दिने दुवैलाई कानुनबमोजिम कारवाही हुन्छ । यो रकम चौमासिक रूपमा देहायबमोजिमको मितिबाट वितरण हुन्छ :

- असोज १ गतेदेखि
- माघ १ गतेदेखि
- जेठ १ गतेदेखि

सबै नगरपालिका तथा जिल्ला सदरमुकामस्थित गाउँपालिकामा बैङ्क खाता खोली सामाजिक सुरक्षा भत्ता विवरण गर्नुपर्ने र बैकिङ्ग सुविधा भएका गाउँपालिकामा पनि सोहीअनुसार हुने व्यवस्था रहेको छ ।

## ४. दोहोरो सामाजिक सुरक्षा भत्ता नपाउने

- कुनै नागरिकले एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने पनि निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा भत्ता पाउनेछ ।
- कुनै नागरिकले यस ऐन र प्रचलित कानुनबमोजिम एकै प्रकारको सुविधा पाउने रहेछ भने निजले रोजेबमोजिम कुनै एक सुविधा मात्र लिन पाउनेछ ।
- बालबालिकाको हकमा अन्य किसिमको भत्ता

पाएको भएता पनि बाल पोषण भत्ता प्राप्त गर्न सक्नेछ ।

## ५. सामाजिक सुरक्षा भत्ता नपाउने

देहायबमोजिमको व्यक्तिले यस ऐनबमोजिमको सामाजिक सुरक्षा भत्ता पाउने छैनः

- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति,
- सरकारी कोषबाट निवृत्तभरण पाइरहेका व्यक्ति,
- अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकास सुविधा एवम् अन्य सुविधा पाइरहेको व्यक्ति ।

## कसूर र सजाय

कसैले देहायको कार्य गरेमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम कसूर गरेको मानिनेछर प्रचलित कानुनबमोजिम जरिवाना तथा सजाय हुन्छः

(क) विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत सामाजिक सुरक्षा भत्ता लिएमा,

(ग) कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता निजको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरूपयोग गरेमा वा निजको हितविपरीत प्रयोग गरेमा,

(घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षा भत्ताको दुरूपयोग गरेमा,

(ङ) गलत विवरण पेश गरेमा वा गलत सिफारिस गरेमा ।

## उजूर गर्न सक्ने

सामाजिक सुरक्षा ऐनअन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा वा वडा कार्यालयमा वा स्थानीय तहमा वा जिल्ला प्रशासन कार्यालयमा वा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा उजूर गर्न सक्नेछ ।

## मुद्दा हेर्ने र पुरावेदन गर्ने

सामाजिक सुरक्षा ऐनअन्तर्गत माथि उल्लेख गरिएको कसूर गरेमा माथिको खण्ड (घ) बाहेकको अन्य मुद्दाको कारबाही र किनारा **सम्बन्धित स्थानीय तहको न्यायिक समितिले** गर्नेछ । न्यायिक समितिले यस्ता मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र कारबाही र किनारा गर्दछ । माथिको खण्ड (घ) बमोजिमको कसूरसम्बन्धी उजूर परेमा त्यस्तो उजूरीको आवश्यक कारबाहीको लागि न्यायिक समितिले सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

न्यायिक समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**अनुसूची १**

# नेपाल सरकारले सञ्चालन गर्दै आएका सामाजिक संरक्षण कार्यक्रमअन्तर्गतका

## केही प्रमुख सेवासुविधाहरू

### १. छात्रवृत्ति तथा नगद सुविधा

- छात्रवृत्ति–छात्रा, अपाङ्गता भएका, लक्षित जनजाति, दलित, सहिदका छोराछोरी, कमलरी, द्वन्द्व प्रभावित, लोपोन्मुख जातजाति, अति सीमान्तकृत, मुक्त कमैयालगायतका छात्रवृत्ति । यी छात्रवृत्ति आवासीय र गैरआवासीय गरी दुई थरिका हुन्छन् । आवासीय छात्रवृत्ति प्रतिवर्ष पैंतालिस् हजार रूपैयाँ (रू. ४५,०००/-) सम्मको रहेको देखिएको छ ।
- सेवा निवृत्त कर्मचारीहरूका लागि निवृत्तभरण तथा अनुदान सुविधा उपलब्ध छ ।
- कर्मचारीका लागि स्वास्थ्य सुविधा, सञ्चय कोषलगायतका सुविधा उपलब्ध छ ।
- संस्थामा सुत्केरी गराउनेलाई हिमाली भेकमा रू. ३,०००/-, पहाडी भेकमा रू. २,०००/- र तराई भेकमा रू. १,०००/-

प्रोत्साहन भत्ता उपलब्ध छ ।

- बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कर्णाली क्षेत्र र देशभरका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा रू. १,०००/- भत्ता उपलब्ध हुन्छ ।
- सहिदका परिवारलाई जीवनयापन र १८ बर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ ।
- प्राकृतिक प्रकोप राहत - नगद तथा सरसामान सहयोग उपलब्ध गराउने व्यवस्था छ ।
- द्वन्द्वपीडित तथा घाइतेका लागि एकमुष्ठ आर्थिक सहयोग प्रदान गरिएको छ ।

## २. जिन्सी हस्तान्तरण र जीवनयापन कार्यक्रम

- खाद्यान्न अभाव हुने जिल्लाहरूमा सुपथ मुल्यमा सामान उपलब्ध गराउने व्यवस्था छ ।
- विद्यालय खाजा र पोषण कार्यक्रम सञ्चालनमा रहेको छ ।
- सुपथ मुल्यमा आयोडिनयुक्त नँन आपँर्ति गर्ने गरिएको छ ।
- दलित, गरिब र कमैया परिवारका लागि पशुपालनलगायत आयमँलक कार्यक्रम उपलब्ध छ ।
- तराइका पाँच जिल्लाहरूमा कमैया र हलिया सहयोग तथा पुनर्स्थापन कार्यक्रम सञ्चालनमा छ ।
- सामुदायिक र कवुलियत वन कार्यक्रम प्रभावकारी रूपमा चलिरहेको छ ।

- लोपोन्मुख, सीमान्तकृत, जनजाति, चेपाङ्, दलित, सीमान्तकृत मधेशी, मुस्लिमलगायत अन्य लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## ३. सेवासुविधामा पहुँच

- निःशुल्क विद्यालय शिक्षाको व्यवस्था गरिएको छ ।
- उच्चशिक्षाका लागि छात्रवृत्ति प्रदान गर्ने गरिएको छ ।
- निःशुल्क स्वास्थ्य सेवा सुविधा – उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा निश्चित औषधी र सेवाका साथै जिल्ला अस्पतालमा निश्चित व्यक्ति वा समूहलाई निःशुल्क स्वास्थ्य सेवा तथा अन्य सरकारी अस्पतालहरूमा निश्चित गरिब तथा अन्य विरामीका लागि निःशुल्क वा सहुलियत दरमा सेवा सुविधा, एवम् भिटामिन ए र विविध खोप सेवाहरू उपलब्ध गरिएको छ ।
- अति गरिब र लोपोन्मुख परिवारका लागि आवास कार्यक्रम सञ्चालनमा रहेको छ ।

## ४. सामाजिक बीमा

- कुनैपनि सेवा तथा संस्थामा कार्य गरेका कर्मचारीहरूले पाउने पेन्सन, उपदान, सञ्चय कोष तथा सामाजिक सुरक्षा कोषलगायतका सेवासुविधाबाहेक, सामाजिक बीमाअन्तर्गत बाली र पशु बीमा कार्यक्रमको सुरू गरिएको छ ।

## ५. अन्य

- युवा स्वरोजगार तथा रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।



CamScanner

- कर्णाली रोजगार कार्यक्रम - उक्त क्षेत्रमा सञ्चालन गरिने निर्माण कार्यमा कम्तिमा १०० दिनको बार्षिक रोजगारको व्यवस्था गरिने गरिएको छ ।
- गरिबी निवारण कोष - खासगरी गरिब र सीमान्तकृत व्यक्ति तथा समूहका लागि तालिम, आयमूलक कार्यक्रम सञ्चालनमा रहेको छ ।
- गरिब, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने गरिएको छ ।
- व्यक्ति वा समूहलाई कृषि व्यवसाय, पशु तथा पंक्षी पालनलगायतका आयमूलक व्यवसाय गर्नका लागि सकारी संयन्त्रबाट नगद सहयोग तथा छुटको व्यवस्था रहेको छ ।



CamScanner